पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, माघ २९ गते, २०८२ साल (संख्या १०

## भाग २

## पोखरा महानगरपालिका

## मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य रणनीति तथा कार्ययोजना, २०८२

### १. पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्यसम्बन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशूल्क प्राप्त गर्ने र स्वास्थ्य सेवामा समान पँहुच रहने हकको व्यवस्था गरेको छ । जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा ४९ -ङ) मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा समावेश गरिएको छ । यसैगरी जनस्वास्थ्य नियमावली २०७७ को अनुसूची १ र २ मा समेत मानसिक स्वास्थ्य समस्याहरूलाई क्रमश आधारभूत र आकस्मिक स्वास्थ्य सेवामा समावेस गर्दै सङ्घ, प्रदेश र स्थानीयस्तरबाट उपलब्ध गराउने व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को परिच्छेद ७ मा स्वास्थ्य, पुनर्स्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जनको व्यवस्था गरिएको छ । सोही ऐनको दफा ३५ र ३६ ले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका

लागि थप सेवा सुविधाको समेत सुनिश्चितता गरेको छ ।

गण्डकी प्रदेश स्वास्थ्य नीति २०७८ को ११.१७ मा मानसिक रोग, नर्सर्ने रोग, जलवायु परिवर्तनद्वारा सिर्जित रोगहरूको रोकथाम, नियन्त्रण र उपचारका लागि प्राथमिकता दिइने उल्लेख गरिएको छ । यसै गरी पोखरा महानगरपालिकाको स्वास्थ्य नीति २०७४ को ८.२.१६ मानसिक रोगसँग सम्बन्धित विविध पक्षहरुको उचित सम्बोधन गर्न पुनःस्थापना लगायतका रणनैतिक गतिबीधिहरु सञ्चालन गरिने उल्लेख छ। साथै, संयुक्त राष्ट्र सङ्घको दिगो विकास लक्ष्य २०१६/२०३० मा पनि मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखी मानसिक स्वास्थ्यको प्रवर्धन गर्ने, नसर्नेरोगहरूबाट हुने मृत्युदरलाई एक तिहाईले कम गर्ने र लागुपदार्थ दुर्व्यसनीको रोकथाम, उपचार र पुनर्स्थापना गर्ने लक्ष्य राखिएको छ। नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय महासन्धीहरू जस्तै अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धी, यातना पीडितहरूको अधिकारसम्बन्धी महासन्धी, बाल अधिकारसम्बन्धी महासन्धी लगायतमा उल्लेख भए बमोजिम मानसिक स्वास्थ्यको प्रवर्द्धन, रोकथाम, उपचार र पुनर्स्थापनाको अधिकारको सुनिश्चितता गर्नु राज्यको दायित्व बनेको छ ।

नेपाल सरकारको १६ औं पञ्चवर्षीय योजना २०८१/२०८२-२०८५/२०८६ मा पनि मानसिक तथा बैकल्पिक स्वास्थ्य सम्बन्धि लागु औषध दुर्व्यसको रोकथाम तथा नियन्त्रण, आत्महत्या रोकथाम, बिषादी प्रयोग न्युनिकरण र जेष्ठ नागरिक शारीरिक मानसिक स्वास्थ्य प्रर्वर्धन गर्ने उल्लेख गरिएको छ। नेपाल सरकारले नसर्ने रोगहरूको रोकथाम तथा उपचारका लागि बहुपक्षीय कार्ययोजना २०२१/२०२५ अनुसार मानसिक स्वास्थ्य ;वा तर्फ मानसिक समस्याको सेवा पहुंच २५ प्रतिशतले बृद्दि गर्ने उल्लेख गरिएको छ । यस कार्ययोजना अनुसार हालसम्मका उपलब्धि र अनुभवहरूको समीक्षा गर्दै राष्टिय स्वास्थ्य नीति २०७६, मानसिक स्वास्थ्य नीति २०%३, राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०७७, प्रदेशको स्वास्थ्य नीति २०७८, पोखरा महानगरपालिकाको स्वास्थ्य नीति २०७४ को व्यवस्था अनुकूल हुनेगरी मानसिक स्वास्थ्यको ठोस रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नु वान्छनिय रहेकाले यो कार्यनीति तयार गरी लागु गरिएको छ।

## २. विगतका प्रयासहरु

नेपाल सरकारले वीर अस्पतालको बहिरङ्ग सेवाबाट मानसिक स्वास्थ्य सेवा सन् १९६१ मा सुरु गरेको हो । यो सेवा सैनिक अस्पताल, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल हुदै अन्य अस्पतालमा पनि क्रमश बिस्तार हुदैगयो । मानसिक स्वास्थ्य सेवामा सबैको पँहुच बढाउन, जनशक्ति विकास, जनचेतनाको अभिवृद्धि, संस्थागत क्षमता विकास तथा बहुपक्षीय साझेदारीको अवधारणासहितका रणनीति तथा कार्ययोजनाहरू राष्ट्रिय मानसिक स्वास्थ्य नीति २०५३ मा पहिलो पटक उल्लेख गरियो। यसका अलावा सरकरी विभिन्न

दस्तावेजहरूमा मानसिक स्वास्थ्य सेवा सम्बन्धि कार्यहरू समावेश गरिदै आएको छ।
त्यसै गरी पोखरा महानगरपालिकाको स्वास्थ्य नीति, २०७४ को ८.२.१६ मा मानसिक स्वास्थ्य समस्यासँग सम्बन्धित विविध पक्षहरुको उचित सम्बोधन गर्न पुनःस्थापना लगायतका रणनैतिक गतिबीधिहरु सञ्चालन गरिने उल्लेख गरेको पाइन्छ। यसका अलावा पोखरा महानगरपालिकाले मानसिक स्वास्थ्य सम्बन्धी निम्न अनुसारका कार्यहरु गर्दै आएको छ।

- महानगरपालिका भित्र रहेका स्वास्थ्यसस्थाहरूबाट मानसिक स्वास्थ्य सेवाका सम्बन्धि पर ामर्श एवं प्रेणष गर्ने गरिएको।
- स्वास्थ्यकर्मीहरुका लागि मानसिक स्वास्थ्य एवं आत्महत्या रोकथाम सम्बन्धी क्षमता अभिबृद्धिका कार्यक्रमहरु (गेटकिपर तथा ःज न्बए तालिम) प्रदान गरिएको। महिला स्वास्थ्य स्यम्सेविकाहरुलाई दुई दिने आधारभूत मानसिक स्वास्थ्यको तालिम प्रदान गरिएको।
- मानसिक स्वास्थ्य प्रवर्धनका लागि सरकारी, ग्रहैसरकारी, निजी सेवाप्रदायक संस्थाहरुसंग समन्वय, सहकार्य र सहजिकरण गरिदै आएको।
- मानसिक स्वास्थ्य सेवाहरुको नियमित तथ्यांक राख्ने, प्रतिवेदन गर्ने, बिश्लेषण गर्ने काम नियमितरुपमा गरिएको।

३. **विद्यमान अवस्था**

विश्वभरमा लगभग २० प्रतिशत बालबालिका तथा किशोरकिशोरीहरूमा भावनात्मक, व्यवहारिक तथा अन्य खालको मानसिक स्वास्थ्य समस्या भएको अध्ययनहरूले देखाएका छन्। नेपालमा कूल नसर्ने रोगहरूको समस्या मध्ये १८ प्रतिशत मानसिक रोगले ओगटेको छ। अपाङ्गता गराउने प्रमूख १० कारकहरू मध्ये ४ वटा मानसिक स्वास्थ्य समस्या सम्बन्धि समस्या पर्दछन् । राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण नेपाल, २०७७ को नतिजा अनुसार नेपालमा १३ देखि १७ वर्षका ५.२ प्रतिशत किशोरकिशोरीहरूमा मानसिक स्वास्थ्य समास्या देखिएको छ। जसमा २.८ प्रतिशतमा चिन्ताजन्य समस्या, ०.६ प्रतिशतमा डिप्रेसनको समस्या पाईएको छ र ३.९ प्रतिशतमा आत्महत्यासम्बन्धी सोच भएको पाइएको छ। १८ वर्षमाथिका व्यक्तिहरूमा १० प्रतिशतमा मानसिक स्वास्थ्य समस्या देखिएको छ। जसमा ३ प्रतिशतमा चिन्ताजन्य समस्या, २.९ प्रतिशतमा डिप्रेसन, ०.२ प्रतिशतमा साइकोसिस र ७.२ प्रतिशतमा आत्महत्यासम्बन्धी सोचको अवस्था देखिएको छ ।

पोखरा महानगरपालिकामा मानसिक स्वास्थ्यको अवस्था चिन्ताजनक देखिन्छ। २०२० को अध्ययनले सामुदायमा मानसिक रोगप्रति ७२.९% लान्पाना (Stigma) तथा भेदभाव रहेको देखाएको छ । माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूमा ४४.२% मा डिप्रेसनका लक्षण पाइएका छन्, जसमध्ये २५.३% मा हल्का र १८.९% मा गम्भीर डिप्रेसन छ । स्नातक तहका विद्यार्थीहरूमा पनि डिप्रेसन, चिन्ता र तनावको अवस्था क्रमशः ३८.२%, ४६.९% र २४.१%

रहेको छ। २०२३ मा गरिएको अध्ययनले ज्येष्ठ नागरिकहरूमा ३०% मा गम्भीर चिन्ता, १६.२५% मा मध्यम चिन्ता र ६२.५% मा अवसादका लक्षण देखाएको छ।

नेपाल प्रहरीको तथ्यांक अनुसार गण्डकी प्रदेशको कास्की जिल्लामा विगत पाँच वर्षमा ७२८ जनाले आत्महत्या गरेका छन्, र गत आर्थिक वर्षमा मात्रै १५५ आत्महत्याका घटना दर्ता भएका छन् ।

नेपाल सरकारले बिभिन्न संघ सस्थाहरूको सहयोगमा वि. सं. २०६५ मा प्रजनन उमेर समूहका महिलाहरूमा गरिएको अध्ययन प्रतिवेदन अनुसार यो समूहका महिलाहरूको मृत्युको पहिलो कारण आत्महत्या पाईएको छ । वि. सं २०७२ को महाभूकम्पपछि आफ्नो परिवारका सदस्यहरू र धनसम्पत्ति गुमाउँदाको पीडा साथसाथै भूकम्पको प्रत्यक्ष अनुभव गरेकाहरू, प्राकृतिक विपदमा परेका व्यक्तिहरू एवं लक्षित बर्गहरूमा मानसिक स्वास्थ्य सम्मस्याका जोखिमहरू अन्य व्यक्ति तथा समुदायमा भन्दा बढी रहेको पाइएको छ । समुदायमा जनस्वास्थ्य समस्याको रूपमा रहेको र जोखिम समूहका व्यक्ति तथा समूहलाई अझ बढी प्रभावित पार्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याका क्षेत्रमा सेवा प्रदान गर्न देशमा दक्ष जनशक्तिको अभाव रहेको छ। देशमा हाल उपलब्ध जनशक्तिको आधिकारिक तथा अध्यावधिक तथ्याङ्क र आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गर्ने परिपाटी विकास भएको छैन।

दश वर्ष लामो द्वन्द, राजनैतिक र सामाजिक अस्थिरता, रोजगारीको लागि विदेश पलायन हुनुपर्ने बाध्यता, जनसर्‍याामा जेष्ठ नागरिकको बढ्दो अनुपात, गरिबी, अव्यवस्थित सहर ीकरण, लैङ्गिक हिंसा, सामाजिक विभेद, प्राकृतिक विपत्तिको कारण धनजनको क्षतिले निम्त्याएको पीडा आदि जस्ता कारणले मानसिक स्वास्थ्य समस्या बढ्दै गएको सहजै अनुमान गर्न सकिन्छ। मानसिक तथा मनोसामाजिक समस्याबाट बालबालिका, किशोर किशोरी, प्रजनन उमेर समूहका महिला तथा गृहिणी महिलाहरू लगायत जेष्ठ नागरिकहरू, पिछडिएका वर्ग तथा सिमान्तकृत व्यक्ति तथा समुदाय बढी जोखिममा रहेको हुनाले त्यस्ता व्यक्ति तथा समुदायलाई केन्द्रबिन्दुमा राखी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निरोधात्मक कार्यक्रम सञ्चालन गर्नु र समस्या भएका व्यक्तिहरूलाई मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा उपलब्ध गराउन उपयुक्त रणनीति सहितको कार्ययोजना बनाई कार्यन्वयन गर्नु रहेको छ।

## ४. पोखरा महानगरपालिकामा मानसिक स्वास्थ्य समस्या र चुनौतीहरु

- नगरबासीहरूमा वर्षेनी बढ्दैगएको आत्महत्यालाई उपयुक्त कार्यक्रम बनाई सम्बोधन गर्न सकिएको छैन।
- महानगरभित्र रहेको एक मात्र अस्पतालमा मानसिक स्वास्थ्य सेवा एवं सरकारी स्वास्थ्य

संस्थाहरुवाट आधारभूत मानसिक सेवा संचालन गरिएको भएता पनि बिशेषज्ञ सेवा उपलब्ध गराउन नसकिएको ।

- हालसम्म पनि महानगरपालिका र अर्न्तगत मानसिक स्वास्थ्य सम्बन्धी मनोपरामर्श सेवा (कम्तिमा ६ महिना तालिम प्राप्त व्यक्तिबाट) समेत नहरेको ।
- मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी, गैरसरकारी तथा नीजि सेवा प्रदायकहरुसंग बलियो समन्वय, सहकार्य हुन नसकेको ।
- मानसिक स्वास्थ्य सेवा आधारभुत सेवा भित्र समावेश गरिए पनि प्राथमिकतामा पर्न नसके को ।
- जोखिम युक्त समूह, समुदाय, वस्ती, क्षेत्र, पहिचान गरी समुदायस्तरमा मानसिक स्वास्थ्य प्रवर्दधन सम्बन्धि कार्यक्रम संचालन गर्न नसकिएको ।
- मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र परिवारको सदस्यप्रति व्याप्त रहेको लान्छना, अवहेलना, विभेद र मानव अधिकारको हननलाई रोक्न र कम गर्न कार्यक्रम बनाएर कार्यन्वयनमा ल्याउन सकिएको छैन ।
- विपदको अवस्थामा हुन सक्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्यालाई सम्बोधन गर्न स्पष्ट अवधारणा र प्रभावकारी संयन्त्र व्यवस्था गर्न सकिएको छैन ।
- मानव जिवन चक्र अनुशार उत्पन्न हुने मानसिक स्वास्थ्य समस्याहरू समाधानका लागि उपयुक्त कार्यक्रम संचालन गर्न नसकिएको ।

## ५. निर्देशिक सिद्धान्तहरु तथा भावी योजनाहरु

नेपालको संविधान २०७२ को भाग ३ को धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था रहेको छ । जसमा प्रत्येक नागरिकलाई राज्यले आधार आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई आकस्मिक स्वास्थ्य सेवावाट बच्चित गरिने छैन र स्वास्थ्य सेवामा समान पहुँच हुनेछ उल्लेख गरेको छ ।

राष्ट्रिय स्वास्थ्य नीति २०७६ मा पनि मानसिक स्वास्थ्य सम्बन्धी नीति, रणनीतिका प्रावधान तथा कार्यनीतिहरु समावेश गरेको छ । मानसिक स्वास्थ्य नीति २०%३, मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०७७, प्रदेशको स्वास्थ्य नीति २०७८, पोखरा महानगर पालिकाको स्वास्थ्य नीति २०७४ लाई आधार मान्दै यस रणनीतिलाई निर्देशित गर्ने केही निर्देशक सिद्धान्तहरू र यिनै सिद्धान्तमा आधारित रणनीतिहरू र कार्यायोजनाहरु तय गरिएको छन् ।

- आधारभूत स्वास्थ्य सेवा प्रणालीमा एकीकृत भएको मानसिक स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि गर्दै निरन्तरता दिने ।
- आधारभूत मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पँहुच सुनिश्चित गर्ने ।

- मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धी गर्ने ।
- आत्महत्या रोकथामका लागि बहुपक्षिय सरोकारवालाहरुसंग सहकार्य गर्ने ।
- अधिकारमा आधारित सहभागितामूलक, समावेशी, तथ्यपरक र मानसिक स्वास्थ्य सेवा प्रवाह गर्ने ।

**भावी सोच** :

महानगरवासीहरुको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य प्रवर्धन गरी महानगर वासीकोउत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम बनाउने ।

**ध्येय** :

उपलब्ध साधन श्रोतको अधिकतम उपयोग, सम्बन्धित व्यक्ति, संस्था तथा निकायसंग समन्वय र सहकार्य गरी आधारभूत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवाको सुनिश्चितता गर्ने ।

**लक्ष्य** :

महानगरवासीको मौलिक हकको रूपमा संविधान प्रदत्त स्वास्थ्य सेवा अन्तर्गत गुणस्तरिय मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पँहुचको सुनिश्चित गरी मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा समयसापेक्षित रूपमा निरन्तर उपलब्ध गराउने ।

**उद्देश्यहरू** :

- आधारभूत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवा निःशुल्क उपलब्धताको सुनिश्चितता गरी अझ व्यवस्थित बनाउने .
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवामा सबैको सहज पँहुचमा पुर्याउने .
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने ।
- आत्महत्या रोकथामका लागि आवश्यक कार्यहरु संचालन गर्ने ।
- अधिकारमा आधारित तथ्यपरक, सहभागितामूलक, समावेशी ?पमा मानसिक स्वास्थ्य सेवा प्रवाह गर्ने ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी अध्ययान् अनुसन्धान गर्ने ।
- सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रको सहभागिता, सहकार्य र साझेदारी अभिबृद्धि गर्ने ।

## ६. रणनीतिहरू

१. पोखरा महानगरमा संचालित मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवालाई सुदृढिकरण गर्दै निःशुल्क उपलब्धताको सुनिश्चितता गर्ने ।

२. मानसिक स्वास्थ्य एवं मनोसामाजिक सुस्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पँहुच सुनिश्चित गर्ने ।

३. आत्महत्या रोकथामका लागि सरोकारवाला निकायहरूको समन्वयमा आवश्यक कार्यहरु

संचालन गर्ने ।

४. बालबालिका, किशोर किशोरीहरु तथा जेष्ठ नागरिकहरूको लागि मानसिक स्वास्थ्य एवं मनोसामाजिक सुस्वास्थ्य सम्बन्धि सेवामा पहुँच बृद्धि गर्ने ।

५. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने ।

६. मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको आधारभूत मानव अधिकारको संरक्षण गर्ने ।

७. मानसिक स्वास्थ्य सेवालाई बिद्यमान स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा अनिवार्य प्रविष्ठ एवं बिश्लेषण गराई पोखरा महानगरपालिकाको योजना प्रकृयामा उपयोग गर्ने ।

८. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी योजनाहरुलाई अझ तथ्यपरक बनाउन अध्ययन अनुसन्धान गर्ने ।

९. सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रको सहभागिता, सहकार्य र साझेदारी सुदृढ गर्ने ।

७. **रणनीति अनुसार अवलम्बन गरिने कार्यनीतिहरू**

१. **पोखरा महानगरमा संचालित मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवालाई सुदृढिकरण गर्दै निःशुल्क उपलब्धताको सुनिश्चितता गर्ने ।**

१.१ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवालाई सुदृढिकरण गरी निशुल्क उपलब्धताको सुनिश्चित गरिनेछ ।

१.२ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवा प्रदान गर्न आवश्यक साधन, श्रोतको व्यवस्था गरिनेछ ।

१.३ मनोसामाजिक मनोविमर्श सेवा (कम्तिमा पनि ६ महिनाको तालिम प्राप्त व्यक्तिबाट) पोखरा महानगरपालिका अर्न्तगतका अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरु र शहरी स्वास्थ्य प्रवर्धन केन्द्रहरुमा उपलव्ध हुने व्यवस्था गरिनेछ ।

१.४ मानसिक स्वास्थ्यको विशेषज्ञ सेवा शिशुवा अस्पतालमा उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

१.५ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवालाई व्यवस्थितरुपमा संचालन गर्न सवै स्वास्थ्य संस्थाहरुमा सम्पर्क (ँयअर्बा उभचकयल) व्यक्तिको व्यवस्था मिलाइने छ।

१.६ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गरिनेछ ।

१.७ मानसिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक पर्ने औषधी तथा व्यवस्थापकिय सामाग्रीहरूको नियमित आपूर्ति गरिनेछ ।

१.८ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवा प्रदान गर्नका लागि छुटै -मनासिक स्वास्थ्य उपचार कक्ष, मनोविमर्श सेवा प्रदान गरिने) कक्षको व्यवस्था गरिनेछ ।

२. **मानसिक स्वास्थ्य एव मनोसामाजिक सुस्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पँहुच सुनिश्चित गर्ने ।**

२.१ महानगरले संचालन गर्ने नियमित स्वास्थ्य कार्यक्रमहरूमा मानसिक स्वास्थ्य सेवालाई एकीकृत गरी सञ्चालन गरिनेछ।

२.२ बैदेशिक रोजगारमा रहेका व्यक्ति तथा परिवार, अपांगता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी, लैङ्गिक हिंसा पिडित, एकल महिला, लागु औषध दुर्व्यसन, दीर्घरोगी लगायत जोखिममा परेका वा पर्न सक्ने समूह तथा समुदायको पहिचान गरी मानसिक स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

२.३ सामुदायीक स्वास्थ्य कार्यक्रमहरुमा मानसिक स्वास्थ्य सेवालाई समेत एकीकृत गराई उपलव्ध गराईने छ।

२.४ आकस्मिक तथा विपद्को अवस्थामा प्रदान गरिने अत्यावश्यकीय स्वास्थ्य सेवामा मानसिक स्वास्थ्य एव मनोसामाजिक सुस्वास्थ्य सेवालाई समावेश गरिनेछ।

३. **आत्महत्या रोकथामका लागि सरोकारवाला निकायहरूको समन्वयमा आवश्यक कार्यहरु संचालन गर्ने ।**

३.१ आत्महत्या रोकथाम सम्बन्धी जनचेतनाका लागि आत्महत्या रोकथाम बहुपक्षिय सहयोग समूह गठन गरिने छ। सो समुह मार्फत समुदायमा जोखिमको पहिचान, मनोविमर्श, मानसिक स्वास्थ्य उपचार, समुदायमा पुर्नस्थापना सम्बन्धमा समन्वय, सहयोग र सहकार्य गर्ने गरी व्यवस्था मिलाईने छ।

३.२ मानसिक स्वास्थ्य एवं आत्महत्या रोकथामका लागि मानसिक स्वास्थ्य समस्या परेका, आत्महत्याको प्रयासवाट बचेका, परिवारका सदस्यहरु, मनोसामाजिक आपंगता भएका व्यक्ति रहने गरी स्वाबलम्बन समूह गठन गरी परिचालन गरिने छ।

३.३ आत्महत्या रोकथाम सम्बन्धी बहुपक्षिय सहयोग समूह र स्वाबलम्बन समूहका सदस्यहरुको क्षमता अभिवृद्धि गरिने छ।

४. **बालबालिका किशोर किशोरीहरु तथा जेष्ठ नागरिकहरूको लागि मानसिक स्वास्थ्य एवं मनोसामाजिक सुस्वास्थ्य सम्बन्धि सेवामा पहुँच बृद्धि गरनेछ।**

४.१ बालबालिका तथा किशोर किशोरीहरुको मानसिक स्वास्थ्य एवं मनोसामाजिक सुस्वास्थ्य प्रवर्धनका लागि सबै सरकारी स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरीमैत्री स्वास्थ्य संस्था वनाइने छ।

४.२ स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति लगायतका स्वास्थ्य संस्थावाट संचालन हुने बैठक तथा कार्यक्रमहरुमा किशोर किशोरीहरुको सहभागीता सुनिश्चित गरिनेछ।

४.३ बालबालिका, किशोर किशोरीहरु तथा जेष्ठ नागरिकहरूको मानसिक स्वास्थ्य एवं मनोसामाजिक सुस्वास्थ्य प्रवर्धनका लागि बिद्यालय तथा समुदायस्तरमा कार्यक्रमहरु संचालन गरिनेछ।

४.४ बिद्यालय नर्स कार्यक्रम लागु भएका सवै बिद्यालयहरुमा आधारभूत मानसिक स्वास्थ्य सेवा उपलव्ध गराउनका लागि बिद्यालय नर्सहरुको क्षमता अभिबृद्धि गरिनेछ। बिद्यालय नर्स नभएका बिद्यालयहरूमा सोही बिद्यालयका शिक्षकहरूको क्षमता अभिबृद्धि गरी उनिहरू मार्फत स्क्रिनिङ गरिने छ।

**५. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धि गरिने छ।**

५.१ समुदायमा रहेका संघ सस्था, आमा समूह, टोल विकास संस्थाहरुमा मानसिक स्वास्थ्य, मनोसामाजिक सुस्वास्थ्य र आत्महत्या रोकथाम सम्बन्धमा जनचेतना अभिबृद्धि गरिनेछ।

५.२ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धि सूचना मूलक सामाग्रीहरु प्रकाशन र वितरण गरिनेछ।

५.३ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी सूचनाहरु बिधुतिय र छापा माध्यमहरुवाट प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाइने छ।

५.४ मानसिक स्वास्थ्य, मनोसामाजिक सुस्वास्थ्य एवं आत्महत्या रोकथाम सम्बन्धि बहस, पैरवी गरिनेछ।

५.५ मानसिक स्वास्थ्य सम्बन्धि दिवसहरु बिबिध कार्यक्रमहरु संचालन गरी मनाइने छ।

**६ मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको आधारभूत मानव अधिकारको संरक्षण गर्ने।**

६.१ मानसिक समस्याका विषयलाई लिएर प्रचलित ऐन कानुनमा भएका विभेदकारी व्यवस्था र अमर्यादित शब्दलाई हटाउन र अधिकार सुनिश्चित गरिएका व्यवस्थालाई प्रभावकारी कार्यन्वयनमा ल्याउन आवश्यक बहस, पैरवी तथा पहल गरिनेछ ।

६.२ मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूको मानव अधिकार संरक्षण हुने गरी व्यवस्था गरिने छ।

**७. मानसिक स्वास्थ्य सेवालाई बिद्यमान स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा अनिवार्य प्रविष्ठ एवं बिश्लेषण गराई पोखरा महानगरपालिकाको योजना प्रकृयामा उपयोग गर्ने।**

७.१ मानसिक स्वास्थ्य सेवा सम्बन्धि सूचकहरूमा नियमित तथ्यांक राख्ने बिश्लेषण र अनुगमन गर्ने व्यवस्था गरिनेछ।

७.२ मानसिक स्वास्थ्यसंग सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धानलाई प्रर्वधन गर्दै उपलब्ध

तथ्यका आधारमा कार्यक्रम तर्जुमा तथा परिमार्जन गरिनेछ।

**८. मानसिक स्वास्थ्य सेवासंग सम्बन्धित सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसंग बहुपक्षीय र बहुक्षेत्रीय समन्वय र सहकार्य गरिनेछ।**

८.१ मानसिक स्वास्थ्य, आत्महत्या तथा आत्महानी रोकथामका लागि संवेदनशिल रिपोर्टिङका लागि पत्रकार र संचार माध्यमहरुसंग सहकार्य गरिनेछ।

८.२ बिषादीवाट सृजीत समस्याहरुको व्यवस्थापनका लागि बिषादी नियमन र नियामक निकाय तथा सरोकारवाला निकायहरुसंग सहकार्य गरिनेछ।

८.३ मनोपरामर्शकर्ता, सामुदायिक मनोसामाजिक कार्यकर्ता, अकुपेशनल थेरापिष्ट जस्ता विषयको अध्ययन अध्यापन सुरु गर्न शैक्षिक प्रतिष्ठान तथा व्यावसायिक परिषदहरूसंग समन्वय गरिनेछ।

८.४ कार्यस्थलमा हुने तनाव न्युनिकरणका लागि स्क्रिनिङ तथा  व्यवस्थापन सम्बन्धि कार्यहरू गर्ने।

**९. सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रको सहभागिता, सहकार्य र साझेदारी सुदृढ गर्ने।**

९.१ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धि योजना निमार्णमा सरोकारवाला निकायहरुको सहभागिता सुनिश्चित गरिनेछ।

९.२ मनोसामाजिक तथा मानसिक स्वास्थ्य सम्बन्धि नीति, योजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रको सहभागिता सुनिश्चित गरिनेछ।

९.३ महानगरिपालिका भित्र संचालन गरिने सम्पूर्ण मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धि कार्यक्रममा दोहोरापन नहुने गरि एकद्वार प्रणाली लागु गरिनेछ।

**८. कार्ययोजना**

| कार्यनीति | मुख्य कार्यहरु | संचालन गरिने कार्यक्रम /क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| **१. पोखरा महानगरमा संचालित मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवालाई सुदृढिकरण गर्दै निःशुल्क उपलब्धताको सुनिश्चितता गर्ने।** | | | | |

| | | | | |
|---|---|---|---|---|
| १.१ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवालाई सुदृढिकरण गरी निशुल्क उपलब्धताको सुनिश्चित गरिनेछ। | महानगरपालिका भित्र रहेका सवै स्वास्थ्य संस्थाहरुवाट आधारभूत मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवा उपलव्ध गराइनेछ। | स्वास्थ्यकर्मीहरुलाई मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी क्षमता अभिबृद्धि,<br>मानसिक स्वास्थ्य सम्बन्धी आधारभूत औषधीहरुको नियमितआपूर्ति गर्ने। | स्वास्थ्य महाशाखा | प्रदेश स्वास्थ्य तालिम केन्द्र, प्रदेश आपूर्ति केन्द्र |
| १.२ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवा प्रदान गर्न आवश्यक साधन, श्रोतको व्यवस्थापन गरिनेछ। | मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक श्रोतसाधनको व्यवस्था | मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवाका लागि वजेटको बिनियोजन तथा व्यवस्था | पोखरा महानगर पालिका | प्रदेश सरकार |
| १.३ मनोसामाजिक मनोविमर्श सेवा (कम्तिमा पनि ६ महिनाको तालिम प्राप्त व्यक्तिबाट) पोखरा महानगर पालिका अर्न्तगतका अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरु र शहरी स्वास्थ्य प्रवर्धन केन्द्रहरुमा उपलव्ध हुने व्यवस्था गरिनेछ। | मनोसामाजिक मनोविमर्श सेवा उपलव्ध गराउन जनशक्तिको व्यवस्था | अस्पताल, २ प्राथमिक स्वास्थ्य केन्द्रहरु र सवै प्रवर्धन केन्द्रहरुमा मेडिकल अधिकृत भएका स्वास्थ्य सस्थामा मात्र (अस्पतालः १ जना क्लिनिकल साइको लोजिस्ट (सातौ) र अन्य संस्थामा १/१ जना मनोसामाजिक परामर्शकर्ता (5th) दरबन्दी व्यवस्था गर्ने। साथै अन्य स्वास्थ्य सस्थाको हकमा आवश्यकता अनुशार सोही जनशक्ति परि चालन गर्ने। | पोखरा महानगर पालिका | पोखरा महानगर पालिका |

| | | | | |
|---|---|---|---|---|
| १.४ मानसिक स्वास्थ्यको विशेषज्ञ सेवा शिशुवा अस्पतालमा उपलब्ध हुने व्यवस्था मिलाईनेछ । | मानसिक स्वास्थ्यको विशेषज्ञ सेवा सुरुवात तथा नरन्तरता | मानसिक स्वास्थ्य सेवा कम्तिमा साताको एक दिन उपलब्ध हुने गरी नीजि तथा सरकारी मेडिकल कलेज/ अस्पतालहरूको समन्वयमा व्यवस्था बिशेषज्ञ सेवाको नियमति उपलब्धता को लागि O & M प्रतिवेदन मार्फत दर बन्दीको व्यवस्था | पोखरा महानगर पालिका | संघिय सरकार |
| १.५ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवालाई व्यवस्थितरुपमा संचालन गर्न सवै स्वास्थ्य संस्थाहरुमा सम्पर्क (Focal Person) व्यक्तिको व्यवस्था मिलाइने छ। | मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवालाई व्यवस्थितरुपमा संचालन गर्न सवै स्वास्थ्य संस्थाहरु मा सम्पर्क व्यक्ति (Focal Person) तोकिने | स्वास्थ्य महाशाखामा एक जना मुख्य फोकल व्यक्तिको व्यवस्था सवै स्वास्थ्य संस्थाहरुमा एक जना फोकल व्यक्तिको व्यवस्था नीजि सेवाप्रदायक स्वास्थ्य संस्थाहरुमा फोकल व्यक्तिको व्यवस्था | स्वास्थ्य महाशाखा स्वास्थ्य संस्थाहरु | |
| १.६ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गरिनेछ। | क्षमता अभिबृद्धिको व्यवस्था | सबै नर्सिङ कर्मचारीलाई मोडुल १ को तालिम सवै मेडिकल अधिकृत तथा प्यारामेडिक कर्मचारीहरुलाई मोडुल २ को तालिम व्यवस्था | पोखरा महानगर पालिका | प्रदेश स्वास्थ्य तालिम केन्द्र, गैह्रसरकारी संस्थाहरू |

| | | | | |
|---|---|---|---|---|
| १.७ मानसिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक पर्ने औषधी तथा व्य( वस्थापकिय साम( ाग्रीहरूको नियमित आपूर्ति गरिनेछ। | आधारभूत मानसिक स्वास्थ्य सेवा प्रदान गर्न तो किएका औषधीहरु एवं व्यवस्थापकिय सामाग्रीहरूको मौज्दात शून्य नहुने गरी व्यवस्था | आवश्यकता निर्धारण गर्ने खरिद योजना नियमित आपूर्ति | पोखरा महानगर पालिका | प्रदेश आपूर्ति केन्द्र |
| १.८ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवाका लागि भौतिक संरचनाको छुटै - मानसिक स्वास्थ्य उपचार कक्ष, मनोविमर्श सेवा प्रदान गरिने ) कक्ष व्यवस्था गरिनेछ। | मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सेवाका लागि छुटै कोठाको व्यवस्था | सेवा प्रदान गर्नका लागि छुटै कोठाको व्यवस्था भौतिक संरचना तथा सामाग्रीहरुको व्यवस्था | पोखरा महानगर पालिका स्वास्थ्य महाशाखा सम्बन्धीत स्वास्थ्य संस्थाहरु | |

| कार्यनीति | मुख्य कार्यहरु | संचालन गरिने कार्यक्रम /क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| २. **मानसिक स्वास्थ्य एव मनोसामाजिक सुस्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पँहुच सुनिशि( चत गर्ने।** | | | | |
| २.१ महानगरले संचालन गर्ने नियमित स्वास्थ्य कार्यक्रमहरूमा मानसिक स्वास्थ्यलाई एकीकृत गरी सञ्चालन गरिनेछ। | बार्षिक नीति तथा कार्यक्रममा समावेश | मानसिक स्वास्थ्य एव मनोसामाजिक सुस्वास्थ्य सेवाका लागि वजेट विनियोजन | स्वास्थ्य महाशाखा | पोखरा महानगर पालिका बित्तिय प्रशासन महाशाखा |

| | | | | |
|---|---|---|---|---|
| २.२ बैदेशिक रोजगारमा रहेका व्यक्ति तथा परिवार, अपांगता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी, लैङ्गिक हिंसा पिडित, एकल महिला, लागु औषध दुर्व्यसन, दिर्घरोगी लगायत जोखिममा परेका वा पर्न सक्ने समूह तथा समुदायको पहिचान गरी मानसिक स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ। | लक्षित बर्ग पहिचान गरी नीजहरुको आबश्यकता अनुसारको सेवा प्रवाह | लक्षित बर्गहरु पहिचान गरी नीजहरुको मानसिक स्वास्थ्य सम्बन्धि स्क्रिनिङ गर्ने<br>लक्षित बर्ग केन्द्रित जनचेतनामूलक कार्यहरू संचालन गर्ने<br>स्वःहेरचाह र प्रेषण सम्बन्धी कार्यहरु गर्ने<br>लागु पदार्थ दुर्व्यसनको दुरूसाहन तथा न्युनिकरणका लागि सम्बन्धित संघ सस्था तथा निकायहरूसंग समन्वय, सहयोग र सहककार्य गर्ने<br>पर्नस्थापना गृहहरूको व्यवस्थित संचालनका लागि सम्बन्धित निकायहरूको समन्वय र सहकार्यमा अनुगमन तथा नियमन गर्ने | स्वास्थ्य महाशाखा | सरकारी एवं गैह सरकारी सघं संस्थाहरु |
| २.३ सामुदायीक स्वास्थ्य कार्यक्रमहरुमा मानसिक स्वास्थ्य सेवालाई समेत एकीकृत गराई उपलव्ध गराईने छ। | महिला स्वाथ्य स्वयम्सेविका, बिध्यालयका शिक्षकहरू लगायत सामुदायीक संघ संस्थाका सदस्यहरूको क्षमता अभिबृद्धि एवं प्रेषण प्रणालीको स्थापना | नेपाल सरकार स्वास्थ्य तालिम केन्द्रले तयार पारेको निर्देशिका बमोजिम तालिम र स्कृनिङ्ग निर्देशिका (CIDT tool) को आधारमा कार्यहरु संचालन गरिने। | स्वास्थ्य महाशाखा | सरकारी एवं गैहसरकारी सघं संस्थाहरु |

| कार्यनीति | मुख्य कार्यहरु | संचालन गरिने कार्यक्रम /क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| **३. आत्महत्या रोकथामका लागि सरोकारवाला निकायहरूको समन्वयमा आवश्यक कार्यहरु संचालन गर्ने।** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३.१ आत्महत्या रोकथाम सम्बन्धीका लागि आत्महत्या रोकथाम सम्बन्धी बहुपक्षिय सहयोग समूह गठन गरिने छ । सो समूह मार्फत समुदायमा जोखिमको पहिचान, मनोविमर्श, मानसिक स्वास्थ्य उपचार, समुदायमा पुर्नस्थापनाका लागि समन्वय, सहयोग र सहकार्य गराईने । | पोखरा महानगर पालिका भित्रका सवै बडाहरु आत्महत्या रोकथाम सम्बन्धीका लागि आत्महत्या रोकथाम सम्बन्धी बहुपक्षिय सहयोग समूह गठन तथा परिचालन | सवै क्षेत्रको (प्रहरी, स्वास्थ्य, शिक्षा, सामाजिक, जनप्रतिनिधि, अपांगता भएका व्यक्ति, महिला, मानसिक समस्या अनुभब गरेका व्यक्ति आदि) प्रतिनिधित्व हुने गरी ७ देखि ११ जनाको समूह निमार्ण गरिने समूह मार्फत समुदाय स्तरमा जनचेतना मुलक कार्यक्रम संचालन गर्ने प्रेषणका लागि स्वास्थ्य संस्थाहरुसंग समन्वय, सहयोग र सहकार्य गर्ने । | स्वास्थ्य महाशाखा स्वास्थ्य संस्थाहरु | सरकारी एवं गैहसर कारी सघं संस्थाहरु |
| ३.२ मानसिक स्वास्थ्य एवं आत्महत्या रो कथामका लागि मानसिक स्वास्थ्य समस्या परेका, आत्महत्याको प्रयासवाट वचेका, परिवारका सदस्यहरु, मनोसामाजिक आपंगता भएका व्यक्ति रहने गरी स्वाबलम्बन समूह गठन गरी परिचालन गरिने छ । | पोखरा महानगर पालिका स्तरमा स्वाबलम्वन सूमह गठन तथा परिचालन | लक्षित बर्गको प्रतिनिधित्व हुने गरी कम्तिमा ५ जना रहने गरी समूह निमार्ण लक्षित बर्गको अधिकार का लागि बहस, पैरवी गर्ने । अधिकार संरक्षणका लागि सम्बन्धीत निकायमा समन्वय, तथा सहजिकरण गर्ने व्यवस्था मिलाउने । | स्वास्थ्य महाशाखा स्वास्थ्य संस्थाहरु | सामाजिक विकास महाशाखा, सरकारी एवं गैहसर कारी सघं संस्थाहरु |

| | | | | |
|---|---|---|---|---|
| ३.३ आत्महत्या रोकथाम सम्बन्धी बहुपक्षिय सहयोग समुह र स्वाबलम्बन समूहका सदस्यहरुको क्षमता अभिवृद्धि गरिनेछ । | समूहका सदस्यहरुको क्षमता अभिवृद्धि | मानसिक स्वास्थ्य, आत्महत्या रोकथाम एंव आपंगतासंग सम्बन्धीत ऐन, नियम तथा कानुनी व्यवस्थाहरुको वारेमा अभिमुखीकरण गर्ने । | स्वास्थ्य महाशाखा, स्वास्थ्य संस्थाहरु | सामाजिक विकास महाशाखा, सरकारी एवं गैहसर कारी सघं संस्थाहरु |

| कार्यनीति | मुख्य कार्यहरु | संचालन गरिने कार्यक्रम ⁄क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| **४. बालबालिका किशोर किशोरीहरु तथा जेष्ठ नागरिकहरूको लागि मानसिक स्वास्थ्य एवं मनोसामाि( जक सुस्वास्थ्य सम्बन्धि सेवामा पहुँच बृद्धि गरनेछ ।** | | | | |
| ४.१ बालबालिका तथा किशोर किशोरीहरुको मानसिक स्वास्थ्य एवं मनोसामाि( जक सुस्वास्थ्य प्रवर्धनका लागि सवै सरकारी स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था वनाइने छ । | संघिय सरकार किशोर किशोरी मैत्री स्वास्थ्य संस्थाको अवधारण अनुसार को कार्यहरु गर्ने । | बालबालिका तथा किशोर किशोरीहरुको मानसिक स्वास्थ्य एवं मनोसामाजिक सुस्वास्थ्य प्रवर्धनका लागि सवै सरकारी स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरीमैत्री स्वास्थ्य संस्था वनाइने छ । | स्वास्थ्य महाशाखा, स्वास्थ्य संस्थाहरु | सामाजिक विकास महाशाखा, सरकारी एवं गैहसरकारी सघं संस्थाहरु |
| ४.२ स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति लगायतका स्वास्थ्य संस्थावाट संचालन हुने बैठक तथा कार्यक्रमहरुमा किशोर किशोरीह( रुको सहभागीता गर इने छ । | स्वास्थ्य संस्थावाट संचालन हुने बैठक तथा कार्यक्रमहरुमा किशोर किशोरी हरुको सहभागीता सुनिश्चित गर्ने । | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति लगायतका स्वास्थ्य संस्थावाट संचालन हुने बैठक तथा कार्यक्रमहरुमा किशोर किशोरीहरुको सहभागीता गराइने छ । | स्वास्थ्य संस्था | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति |

| | | | | |
|---|---|---|---|---|
| ४.३ बालबालिका, किशोर किशोरी हरु तथा जेष्ठ नागरिकहरूको मानसिक स्वास्थ्य एवं मनोसामाजिक सुस्वास्थ्य प्रवर्धनका लागि बिद्यालय तथा समुदायस्तर मा कार्यक्रमहरु संचालन गरिनेछ। | मानसिक स्वास्थ्य एवं मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी क्रियाकलाप संचालन गर्ने। | बालबालिकाहरूको मानसिक स्वास्थ्य प्रवर्धनका लागि बिधुतिय उपकरणमा पहुंच तथा प्रयोगमा कमी ल्याउन तथा शारिरीक कृयाकलाप बढाउनका अभिभावक शिक्षा कार्यक्रम संचालन गरिने छ।<br>बालबालिका तथा किशोर किशोरीहरुको मानसिक स्वास्थ्य एवं मनोसामाजिक सुस्वास्थ्य प्रवर्धनका लागि बिध्यालय मानसिक स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ।<br>बिध्यालयहरूमा जिवन उपयोगी सिप सम्बन्धि कक्षा संचालन<br>जेष्ठ नागरिकहरूको मानसिक स्वास्थ्य एवं मनोसामाजिक सुस्वास्थ्य प्रवर्धनका लागि दिवा सेवा केन्द्रहरू तथा बृद्दाश्रम हरूमा मानसिक स्वास्थ्य सम्बन्धि (स्क्रिनिङ तथा परामर्श) कार्यक्रमहरु संचालन गरिनेछ। | स्वास्थ्य महाशाखा, स्वास्थ्य संस्थाहरु | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति, स्वास्थ्य सस्था र वाड कार्यालयहरू |

| | | | | |
|---|---|---|---|---|
| ४.४ बिद्यालय नर्स कार्यक्रम लागु भएका सवै बिद्यालयहरुमा आधारभूत मानसिक स्वास्थ्य सेवा उपलव्ध गराउनका लागि बिद्यालय नर्सहरुको क्षमता अभिबृद्धि गरिनेछ। बिद्यालय नर्स नभएका बिद्यालयहरूमा सो ही बिद्यालयका शिक्षकहरूको क्षमता अभिबृद्धि गरी उनिहरू मार्फत स्क्रिनिङ गरिने छ। | बिद्यालयमा कार्यरत नर्स तथा शिक्षकहरूको क्षमता अभिबृद्धि | बिद्यालय नर्स कार्यक्रम लागु भएका सवै बिद्यालयहरुमा आधारभूत मानसिक स्वास्थ्य सेवा उपलव्ध गराउनका लागि बिद्यालय नर्सहरुको क्ष( मता अभिबृद्धि गरिनेछ। बिद्यालय नर्स नभएका स्कूलहरूमा स्वास्थ्य शिक्षकहरूको क्षमता अभिबृद्धि गरिनेछ। बिध्यार्थीहरूलाई लक्षित गरी मानसिक स्वास्थ्य सम्बन्धि सुचना( मूलक सन्देश प्रवाह गर्ने सामाग्रीहरू उत्पादन तथा प्रयोग गरिने छ। | स्वास्थ्य महाशाखा, | प्रदेश तालिम केन्द्र गैहसरकारी सघं संस्थाहरु |

| कार्यनीति | मुख्य कार्यहरु | संचालन गरिने कार्यक्रम /क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| **५. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी जनचेतना अभिबृद्धि गरिने छ।** | | | | |
| ५.१ समुदायमा रहेका संघ सस्था, आमा समूह, परम्पर ागत उपचारकर्मीहरु (धामीझाक्री), टोल विकास संस्थाहरुमा मानसिक स्वास्थ्य, मनोसामाजिक सुस्वास्थ्य र आत( महत्याहत्या रोकथाम सम्बन्धमा जनचेतना अभिबृद्धि गरिनेछ। | जनचेतना मूलक कार्यक्रमहरु संचालन गर्ने | बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने आमा समूह तथा टोलविकास संस्थाको बैठकहरु स्थानीय स्वास्थ्यकर्मीहरुद्वारा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने। | स्वास्थ्य महाशाखा, स्वास्थ्य संस्थाहरु | शिक्षा महाशाखा, वडा कार्यालयहरु |

| | | | | |
|---|---|---|---|---|
| ५.२ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी सूचना मूलक सामाग्रीहरु प्रकासन र वितरण गरिनेछ। | मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी पाम्पेट, पोष्टर एवं ब्रुसर प्रकासन तथा वितरण | पाम्पेट, पोष्टर एवं ब्रुसर निर्माण गर्ने<br>छपाई गर्ने<br>स्थानीय स्वास्थ्य संस्था मार्फत वितरणको व्यवस्था मिलाउने। | स्वास्थ्य महाशाखा<br>स्वास्थ्य संस्थाहरु | प्रदेश सरकार<br>प्रदेश तालिम केन्द्र |
| ५.३ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी सूचनाहरु बिधुतिय र छापा माध्यम्हरुवाट प्रकासन तथा प्रसारण गर्ने व्यवस्था मिलाइने छ। | मानसिक स्वास्थ्य, मनोसामाजिक सुस्वास्थ्य तथा आत्महत्या रोकथाम सम्बन्धी सूचनाहरु निर्माण गरी प्रकासन तथा प्रशारण गराउने। | मानसिक स्वास्थ्य, मनोसामाजिक सुस्वास्थ्य तथा आत्महत्या रोकथाम सम्बन्धी सूचनाहरु निर्माण गर्ने<br>स्थानीय रेडियो, टेलिभिजन एवं अनलाइन माध्यमहरु मार्फत सूचना प्रशारण गराउने।<br>पत्रपत्रिकाहरुमा लेख रचना तथा सूचनाहरु प्रकाशन गराउने। | स्वास्थ्य महाशाखा | राष्ट्रिय समाचार समिति,<br>नेपाल पत्रकार महासंघ,<br>महानगरको सूचना तथा संचार हेर्ने शाखा वा महाशाखा |
| ५.४ मानसिक स्वास्थ्य, मनोसामाजिक सुस्वास्थ्य एवं आत्मह( त्या रोकथाम सम्बन्धी बहस, पैरवी गरिनेछ। | बहस, पैरवीका लागि विबिध क्रियाकलापहरु संचालन गर्ने | सडक नाटक निमार्ण गरी मुख्य मुख्य चोक र जोखिम पूर्ण बस्तीहरुमा प्रदर्शन गर्ने।<br>पत्रकार अर्न्तकृया<br>रेडियो तथा टेलिभिजनहरुमा बहस, छलफल कार्यक्रम | स्वास्थ्य महाशाखा<br>स्वास्थ्य संस्थाहरु | स्थानीयस्तरको नाट्य समूहहरु,<br>राष्ट्रिय समाचार समिति,<br>नेपाल पत्रकार महासंघ, |

| | | | | |
|---|---|---|---|---|
| ५.५ मानसिक स्वास्थ्य सम्बन्धि विभिन्न दिवसहरु बिबिध कार्यक्रमहरु संचालन गरी मनाइने छ। | बिश्व आत्महत्या रोकथाम दिवस मनाउने मानसिक स्वास्थ्य दिवस मनाउने | संचारमाध्यमरुवाट बहस, पैरवी गर्ने सरोकारवालहरुको सहकार्य र समन्वयमा र्याली गर्ने समुदायस्तरमा अन्तक्रिया तथा छलफल चलाउने | स्वास्थ्य महाशाखा स्वास्थ्य संस्थाहरु | सरकारी एवं गैहसरकारी सघं संस्थाहरु |

| कार्यक्षेत्र | मुख्य कार्यहरु | संचालन गरिने कार्यक्रम /क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| **६. मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको आधारभूत मानव अधिकारको संरक्षण गर्ने।** | | | | |
| ६.१ मानसिक समस्याका विषयलाई लिएर प्रचलित ऐन कानुनमा भएका विभेदकारी व्यवस्था र अमर्यादित शब्दलाई हटाउन र अधिकार सुनिश्चित गरिएका व्यवस्थालाई प्रभावकारी कार्यान्वयनमा ल्याउन आवश्यक बहस, पैरवी तथा पहल गरिनेछ । | मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक अपांगता सम्बन्धी प्रचलित ऐन, नियम एवं कानुनी बिषयहरुमा बहस, पैरवी | विभेदकारी व्यवस्था र अमर्यादित शब्दलाई हटाउन र अधिकार सुनिश्चित गर्ने सम्बन्धी कानुनी प्रावधानका बारे मा अध्ययन गर्ने सो प्रतिवेदनमा उल्ले ख भएका बिभेदकारी व्यवस्थाहरु र अमर्यादित शव्दहरु हटाउन सम्बन्धि पक्षसंग छलफल, बैठक तथा पहल गर्ने | स्वास्थ्य महाशाखा स्वास्थ्य संस्थाहरु | सामाजिक विकास महाशाखा राष्ट्रिय अपांग महासंघ सरकारी एवं गैहसरकारी सघं संस्थाहरु |

| | | | | |
|---|---|---|---|---|
| ६.२ मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूको मानव अधिकार संरक्षण हुने गरी व्यवस्था गरिने छ। | ऐन, नियम एवं कानुन निर्माणमा मानसिक स्वास्थ्य तथा मानव आधिकार संरक्षण हुने व्यवस्था | महानगरबाट प्रदान गरिने सेवा उपलब्ध गराउदा तथा कार्यक्रमहरू तर्जुमा गर्दा मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूको मानव अधिकार संरक्षण हुने गरी व्यवस्था गरिने छ। सडकमा रहेका मानसिक समस्या भएका व्यक्तिहरूको मानव अधिकार संरक्षण हुने गरी व्यवस्थागन गर्न पहल गरिने छ। | स्वास्थ्य महाशाखा सामाजिक विकास महाशाखा | महानगर पालिका सरकारी एवं गैहसरकारी सघं संस्थाहरु |

| कार्यक्षेत्र | मुख्य कार्यहरु | संचालन गरिने कार्यक्रम /क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| **७. मानसिक स्वास्थ्य सेवालाई बिद्यमान स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा अनिवार्य प्रविष्ठ एवं बिश्लेषण गराई पोखरा महानगरपालिकाको योजना प्रकृयामा उपयोग गर्ने।** | | | | |
| ७.१ मानसिक स्वास्थ्य सेवा सम्बन्धि सूचकहरूमा नियमित तथ्यांक राख्ने, बिश्लेषण र अनुगमन गर्ने व्यवस्था गरिनेछ। | मानसिक स्वास्थ्य सेवा सम्बन्धि सूचकहरूको तथ्याङ्क राख्ने, बिश्लेषण र अनुगमन गरिने छ | मानसिक स्वास्थ्य सम्बन्धमा प्रदान गरि एका सेवाहरुको विबरण चुस्त, दुरुस्त रूपमा अध्यावधिक गरिनेछ। आत्महत्या गर्ने व्यक्तिहरूको बिबरण म.स्वा.से. एवं स्वास्थ्य सस्था मार्फत राख्ने व्यवस्था मिलाउने अनुगमन तथा मूल्याङ्कन ढांचा विकास गरी कार्यक्रमको तथ्यसङ्गत विश्लेषण गर्ने | | |

| | | | | |
|---|---|---|---|---|
| | | तथ्याङ्कहरुको बिश्लेषणवाट प्राप्त सूचनाको आधारमा योजना तथा कार्यक्रम निर्माण गरी कार्यान्वियन गर्ने | स्वास्थ्य महाशाखा स्वास्थ्य संस्थाहरु | HMIS शाखा, परिवार कल्याण महाशाखा |
| ७.२ मानसिक स्वास्थ्यसग सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धानलाई प्रवर्द्धन गर्दै उपलब्ध तथ्यका आधारमा कार्यक्रम तर्जुमा तथा परिमार्जन गरिनेछ । | पोखरा महानगर पालिकाको स्वास्थ्य महाशाखाले गर्ने गराउने अनुसन्धात्मक कार्यहरुमा मानसिक स्वास्थ्यलाई प्राथमिकता | हरेक आ.व.मा कम्तिका पनि एक अनुसन्धान कार्य मानसिक स्वास्थ्यसंग हुने गरी व्यवस्था मिलाइने छ। पोखरा महानगर पालिकाभित्र रहेका शैक्षिक तथा प्राज्ञिक क्षेत्रहरुसंग समन्वय गरी अध्ययन अनुसन्धान गर्न पहल गर्ने । अनुसन्धानवाट प्राप्त तथ्यको आधारमा कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वियन गर्ने । | स्वास्थ्य महाशाखा | विश्व विद्यया( लयहरू, स्वास्थ्य बिषयमा अध्ययापन गराउने कलेज तथा प्रतिष्ठानहरू |

| कार्यक्षेत्र | मुख्य कार्यहरु | संचालन गरिने कार्यक्रम /क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| **८. मानसिक स्वास्थ्य सेवासंग सम्बन्धित सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसंग बहुपक्षीय र बहुक्षेत्रीय समन्वय र सहकार्य गरिनेछ।** | | | | |
| ८.१ मानसिक स्वास्थ्य, आत्महत्या तथा आत्महानी रोकथामका लागि संवेदनशिल रिपोर्टिङका लागि पत्रकार र संचार माध्यमरुसंग सहकार्य गरिनेछ। | आम सञ्चारका माध्यमबाट मानसिक स्वास्थ्य, र मनोसामाजिक समस्याका बारेमा उपयुक्त भाषा, विधी र शैलीमा सूचना सञ्चारका सामग्रीहरू प्रकाशन तथा प्रसारणका लागि पहल | पोखरा महानगरपालिका भित्र रहेको सञ्चार माध्यम र सञ्चारकर्मीहरुलाई समाचार सम्प्रेक्षण गर्दा अपनाउनुपर्ने सम्बेदनशिलतावारेमा अन्तक्रिया तथा अभिमूखिकरण गर्ने । | स्वास्थ्य महाशाखा | पत्रकार महासंघ स्थानीय संचार माध्यमहरू |

| | | | | |
|---|---|---|---|---|
| ८.२ बिषादीवाट सृजीत समस्याहरुको व्यवस्थापनका लागि बिषादी नियमन र नियमक निकाय तथा सरोकार वाला निकायहरुसंग सहकार्य गरिनेछ। | पोखरा महानगर पालिका भित्र बिषादीको बिक्री वितरण तथा प्रयोगमा कडाइका साथ नियमन गरिनेछ। | बिषादीको बिक्रे ताहरुको सूचिकरण गरी एकिन गर्ने। बिषादीको बिक्री वितरणको बिस्तृत विबरण राख्ने। बिषादीको बिक्री बितरणको अनुगमन र नियमन गर्ने र गराउने। | स्वास्थ्य महाशाखा | जिल्ला प्रशासन प्रहरी प्रशासन कृषि महाशाखा उपभोक्ता हित संरक्षण मञ्च |
| ८.३ मनोपरामर्शकर्ता, सामुदायिक मनोसामाजिक कार्यकर्ता, अकु पेशनल थेरापिष्ट जस्ता विषयको अध्ययन अध्यापन सुरु गर्न शैक्षिक प्रतिष्ठान तथा व्यावसायिक परिषदहरूसंग समन्वय गरिनेछ। | मनोपरामर्शकर्ता, साइक्याट्रिक सोसिअल वर्कर, अकुपेशनल थेरापिष्ट जस्ता विषयको अध्ययन अध्यापन कार्यको लागि पोखरा बहुप्राविधिक शिक्षायल लगायत अन्य स्वास्थ्य बिषय अध्यायन गराउने प्रतिष्ठानहरुसंग समन्वय | मानसिक स्वास्थ्य आवश्यक विषयबस्तु समेटिएको पाठ्यक्रम विकास गरी लागु गर्न पहल गर्ने। पोखरा महानगर पालिका भित्र रहेका बिद्यालयहरुको पाठ्क्रमहरुमा मानसिक स्वास्थ्यलाई समावेश गराउने। | स्वास्थ्य महाशाखा | शिक्षा महाशाखा पोखरा बहु प्राविधिक शिक्षायल |

| | | | | |
|---|---|---|---|---|
| ८.४ कार्यस्थलमा हुने तनाव न्युनिकरणका लागि स्क्रिनिङ तथा व्यवस्थापन सम्बन्धि कार्यहरू गर्ने । | सुरक्षित तथा तनाव र हित कार्यबातावरण सिर्जना<br>मनोविद तथा मनोसामाजि परामर्शकर्ताहरूको परिचालन | सुरक्षित तथा तनाव र हित कार्यबातावरण सिर्जनाका लागि निर्देशिका तयार गरी लागु गरिने छ ।<br>महानगरपालिका भित्रको कार्यबातावरण थप सुरक्षित गर्नका लागि गुनासो सुनुवाई कक्षको स्थापना गर्ने ।<br>मनोविद तथा मनोसामाजिक परामर्शकर्ताहरूको परिचालन गरि स्क्रिनिङ गर्ने ।<br>तनाव व्यवस्थापनका लागि योग कक्षाहरू संचालन गर्ने | पोखरा महा( नगरपालिका स्वास्थ्य महाशाखा | प्रदेश आयर्वेद अस्पताल गैर सरकारी संघसस्था |

| कार्यक्षेत्र | मुख्य कार्यहरु | संचालन गरिने कार्यक्रम /क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| **९. सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रको सहभागिता, सहकार्य र साझेदारी सुदृढ गर्ने ।** | | | | |
| ९.१ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी योजना निमार्णमा सरोकारवाला निक( ायहरुको सहभागिता गरिनेछ। | पोखरा महानगरपालिका भित्र स्वास्थ्य क्षेत्रको यो जना निर्माण प्रकृयामा सरोकारवालाहरुको र ायसुझाव संकलन । | पोखरा महानगरपालिका भित्र स्वास्थ्य क्षेत्रको योजना निर्माण प्रकृयामा सरोकारवालाहरुसंग बैठक, छलफल, अर्न्तक्रिया गर्ने । | स्वास्थ्य महाशाखा | अपांगता अधिकार को क्षेत्रमा कार्यरत सरकारी एवं गैहसर कारी सघं संस्थाहरु |

| | | | | |
|---|---|---|---|---|
| ९.२ मनोसामाजिक तथा मानसिक स्वास्थ्य सम्बन्धि नीति,योजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रको सहभागिता सुनिश्चित गरिनेछ। | पोखरा महानगर पालिका भित्र मानसिक स्वास्थ्य क्षेत्रको योजना कार्यान्वियन प्रकृयामा सरोकारवालाहरुको भूमिका तथा सहभागीता | पोखरा महानगरपालिका भित्र मानसिक स्वास्थ्य क्षेत्रको योजना कार्यान्वयन गर्न सरोकारवाला निकार्यहरुसंग नियमित समन्वय छलफल एवं बैठक गर्ने। कार्यक्रम कार्यान्वयनमा सहकार्य गर्ने। सह लगानीमा कार्यक्रम संचालन गर्न पहल गर्ने। लागु औषध तथा मध्यपानको कुलत लगायत अन्य मानसिक स्वास्थ्य समस्या भई पनर्स्थापना गर्नुपर्ने व्यक्तिहरूको पहिचान गरी उपचार तथा पुनर्स्थापनाका गर्न सरकारी नीजि साझेदारीमा कार्यक्रमहरू बनाई संचालन गर्ने। | स्वास्थ्य महाशाखा | सरकारी, नीजि एवं गैह सरकारी सघं संस्थाहरु |

| | | | | |
|---|---|---|---|---|
| ९.३ महानगरि पालिका भित्र संचालन गरिने सम्पुर्ण मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धि कार्यक्रममा दोहोरापन नआउने गरि एकद्वार प्रणालीको लागु गरिनेछ। | मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य कार्यक्रममा एकद्धार प्रणाली स्थापना। | पोखरा महानगर पालिका भित्र रहेका मानसिक स्वास्थ्य एवं मनोसामाजिक सुस्वास्थ्यका क्षेत्रमा कार्यरत सरोकारवाला निकार्यहरुको समन्वयात्मक बैठक गर्ने। संचालन गरिने कार्यक्रमहरु सूचिकृत। दोहोरोपन नआउने गरी कार्यक्रम सचालन गर्ने व्यवस्था मिलाउने। | स्वास्थ्य महाशाखा | सामाजिक विकास महाशाखा |

९. **बजेट**

पोखरा महानगरपालिकाको स्रोत, संघिय एवं प्रदेश सरकारवाट प्राप्त स्रोतहरु, तथा निजी क्षेत्रको सहयोग समग्रमा यस मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य रणनीति तथा कार्ययोजना, २०८१ लागु गरी कार्यान्यवन गरिने बजेटका श्रोतहरू हुन। मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्यसंग सम्बन्धित स्वास्थ्य समस्याहरूको भार, यसको समग्र महानगर, समुदाय तथा परिवारमा पर्ने प्रभाव र महानगरमा प्राप्त हुने श्रोतका आधारमा समानुपातिक बजेटको व्यवस्था गरिदै लगिनेछ।

१०. **अनुगमन तथा मुल्याङ्कन**

रणनीतिले निर्देश गरे अनुसारको कार्यक्रमको कार्यान्वयन भए नभएको अनुगमन तथा मूल्याङ्कन हुनेछ । यसका लागि निम्न बिधीहरू प्रयोग गर्न सकिनेछ।स्वास्थ्य संस्थाहरुमा मानसिक एवं मनोसामाजिक समस्या भएका व्यक्तिलाई गुणस्तरीय सेवा सुनिश्चित गर्न पोखरा महानगरपालिकाको उप प्रमुख, स्वास्थ्य महाशाखा प्रमुख, मानसिक स्वाथ्य कार्यक्रम सम्पर्क व्यक्ति, एक मनोचिकित्सक,  र यस क्षेत्रमा कार्य गरिरहेका स्थानीय गै.स.स. मध्ये बाट एक र सेवाग्राहीमध्येबाट एक जना प्रतिनिधि रहने अनुगमन समिति निर्माण गरि हरेक बर्ष आवश्यकता अनुशार अनुगमन, संचालित कार्यक्रमहरूको मुल्याङ्कन गरिनेछ।

११. **अनुगमन, अध्ययन तथा अनुसन्धानबाट प्राप्त प्रतिवेदन तथा सुझावहरू कार्यक्रमलाई थप**

**प्रभावकारी बनाउन प्रयोग गर्ने ।**

पोखरा महानगरपालिकाले रणनीतिमा उल्लेख भए अनुसारको सूचकहरूको आधारमा पनि कार्यक्रमको मूल्याङ्कन गरिने छ । साथै मानसिक स्वास्थ्यका विषय समेटिने राष्ट्रिय अध्ययन तथा सर्वेक्षणका प्रतिवेदनहरूलाई पनि मूल्याङ्कनको आधार मानिनेछ । यस रणनीति अनुसारको कार्यक्रम कार्यान्वयनको अवस्था र प्रभावकारिताका बारेमा वैज्ञानिक अध्ययन अनुसन्धान गरी प्राप्त तथ्यका आधारमा रणनीति तथा कार्यक्रमहरू अध्यावधिक गरिने छ।

१२. **रणनीति तथा कार्ययोजना पुनरावलोकन र परिमार्जन**

यो रणनीति तथा कार्ययोजना आ.व. २०८१/८२ देखि लागु हुनेछ र महानगरले आवश्यकता महसुस गरेमा थपघट र हेरफेर तथा परिमार्जन गर्न सक्नेछ ।

**प्रमाणिकरण मिति**

२०८२।१०।२९

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**